# शिखर इन्स्योरेन्स कम्पनी लि.

१९औं

वार्षिक साधारण सभा

को

निर्णय

शिखर बिज सेन्टर, थापाथली, काठमाडौं, नेपाल ।

फोन नं. ५३४६१०१, ५३४६१०२

पोष्ट बक्स नं. १०६९२,

शिखर इन्स्योरेन्स कम्पनी लि.

१९औं वार्षिक साधारण सभाको

निर्णय विवरण

**१. वैधानिक सभा :**

शिखर इन्स्योरेन्स कम्पनी लिमिटेडको १९औं वार्षिक साधारण सभा कम्पनीको संचालक समितिका अध्यक्ष श्री गौरव अग्रवालज्यूको सभापतित्वमा कम्पनीको केन्द्रिय कार्यालय भवन, शिखर बिज सेन्टर, थापाथलीमा मिति २०८० चैत्र ९ गते शुक्रबार विहान ११:०० बजे प्रारम्भ भई दिउँसो २:३० बजे सम्पन्न भयो ।

**२. सूचना प्रकाशन :**

सभा हुने मिति, स्थान, समय र छलफल गर्ने प्रस्तावहरु शेयरधनी महानुभावहरुको जानकारीको लागि मिति २०८० चैत्र ९ गते अगावै संचालक समितिको वार्षिक प्रतिवेदन, आ.व. २०७९/८० को लेखापरीक्षण प्रतिवेदन सहितको वित्तीय विवरणहरु शेयरधनी महानुभावहरुले कम्पनीमा उपलब्ध गराउनु भएको ठेगानामा पठाइएको तथा कम्पनीको वेबसाइटमा समेत शेयरधनी महानुभावहरुको जानकारीको लागि उपलब्ध गराइएको र संक्षिप्त आर्थिक विवरण सहित साधारण सभाको सुचना मिति २०८० फाल्गुन १७ गते र २०८० फाल्गुन २५ गते नागरिक राष्ट्रिय दैनिकमा सूचना प्रकाशित गरी जानकारी गराइएको थियो ।

**३. (क) संचालकहरुको उपस्थिति :**

| | |
|---|---|
| १. श्री गौरव अग्रवाल | अध्यक्ष |
| २. श्री रमेश कुमार लुइँटेल | संचालक |
| ३. श्री सौरभ ज.ब.राणा | संचालक |
| ४. डा. श्रुजना श्रेष्ठ | संचालक |
| ५. श्री दिनेश बज्र बज्राचार्य | संचालक |
| ६. श्री स्कन्द अमात्य | संचालक |
| ७. श्री पुष्कर महत | स्वतन्त्र संचालक |



शिखर इन्स्योरेन्स कं. लि. * काठमाडौं *

(ख) **पर्यवेक्षक :**

१. श्री भिम प्रसाद पराजुली, कम्पनी रजिष्ट्रारको कार्यालय

२. श्री अर्जुन खड्का, कम्पनी रजिष्ट्रारको कार्यालय

## ४. छलफलका विषयहरुको सूची :

**छलफलका विषयहरु:**

**१ सामान्य प्रस्ताव**

१.१ आ.व.२०७९।८० को संचालक समितिको वार्षिक प्रतिवेदन उपर छलफल गरी सोलाई पारित गर्ने बारे ।

१.२ आ.व. २०७९।८० को लेखापरीक्षण प्रतिवेदन सहितको वित्तीय विवरणहरु उपर छलफल गरी सो लाई पारित गर्ने बारे ।

१.३ आ.व.२०८०।८१ को लागि लेखापरीक्षकको नियुक्ति गर्ने तथा पारिश्रमिक तोक्ने बारे ।

१.४ कम्पनीको स्वतन्त्र संचालकको नियुक्ति बारेमा बीमा ऐन २०७९ बमोजिम साधारण सभामा जानकारी गर्ने बारे ।

१.५ कम्पनीको मिति २०७६ श्रावण २८ गते सम्पन्न वार्षिक साधारण सभाबाट निर्वाचित संचालकहरुको पदावधि समाप्त भएपश्चात आगामी वार्षिक साधारण सभा सम्मको लागि पदावधि थप गर्ने तथा श्री गौरव अग्रवालज्युलाई संचालक नियुक्त गर्ने बारे संचालक समितिको निर्णयलाई अनुमोदन गर्ने बारे ।

१.६ कम्पनीको प्रबन्धपत्र तथा नियमावली बमोजिम संस्थापक समुह "क" का शेयरधनीबाट निर्वाचित हुने ३ (तीन) संचालक तथा सर्वसाधारण समुह "ख" का शेयरधनीबाट निर्वाचित हुने थप १ ( एक) संचालकका लागि प्रचलित कानुनी व्यवस्था को अधिनमा रही शिखर इन्स्योरेन्स कम्पनी लिमिटेडको संचालक निर्वाचन सम्बन्धी निर्देशिका २०६३ बमोजिम निर्वाचन गर्ने बारे ।

१.७ विविध

**२ विशेष प्रस्ताव**

२.१ कम्पनीबाट गरिएको चन्दा तथा सामाजिक उत्तरदायित्व अन्तर्गतका खर्चहरु अनुमोदन गर्ने वारे ।

## ५. सभाको गणपुरक संख्या :

| विवरण | कुल संख्या | उपस्थित संख्या | प्रतिनिधित्व प्रतिशत(%) |
|---|---|---|---|
| शेयरधनी संख्या | ३५,१२१ | ६०३ | |
| शेयर संख्या | २६,५४९,४७२ | १४,६९०,६३९ | ५५.३३ |

## ६. सभाको वैधानिकता र अध्यक्षता :

साधारण सभाको कार्यवाही शुरु हुनु अघि कम्पनी सचिव श्री सुरज राजवाहकले उपस्थित शेयरधनी महानुभावहरुलाई स्वागत गर्नु हुँदै कम्पनी ऐन, २०६३ को दफा ७३ तथा कम्पनीको नियमावली बमोजिम प्रक्रिया पुरा गरी सभा बोलाइएको र यो सभा संचालन गर्न आवश्यक गणपुरक संख्या पुरा भै सभाको वैधानिकता कायम भएको घोषणा गर्नु हुँदै संचालक समितिका अध्यक्ष श्री गौरव अग्रवालज्यूलाई सभाको सभापतित्व ग्रहण गरी सभा संचालनको लागि आग्रह गर्नुभयो ।

## ७. सभाको संचालन तथा प्रतिवेदन प्रस्तुती :

कम्पनीको १९ औं वार्षिक साधारण सभामा उपस्थित शेयरधनी महानुभावहरु तथा आमन्त्रित महानुभावहरुलाई अध्यक्ष श्री गौरव अग्रवालज्यूले स्वागत गर्नुभयो । कम्पनीका अध्यक्ष श्री गौरव अग्रवालज्यूले आफ्नो संक्षिप्त मन्तव्य सहित कम्पनीको वर्तमान अवस्था तथा उपलब्धिहरुको साथै कम्पनीको भावी योजनाहरु बारेमा संक्षिप्त जानकारी प्रदान गर्नुभयो ।

साधारण सभाको सुरुवातमा कम्पनीको विगतका वर्षहरुको कार्य प्रगतिको समिक्षा तथा आउँदा दिनहरुको योजनाहरुको सम्बन्धमा शेयरधनी महानुभावहरुलाई जानकारी दिनको लागि कम्पनीका प्रमुख कार्यकारी अधिकृतलाई सभाका सभापतिज्यूले अनुरोध गर्नुभयो ।

कम्पनीको कार्यप्रगति सम्बन्धि विवरण तथा कम्पनीको विभिन्न योजनाहरु सम्बन्धमा प्रमुख कार्यकारी अधिकृत श्री दिप प्रकाश पाण्डेले निम्नानुसारको जानकारी सभामा प्रस्तुत गर्नु भयो -

- प्रमुख कार्यकारी अधिकृतबाट कम्पनीको संक्षिप्त परिचय तथा नेपालको निर्जीवन बीमा क्षेत्रमा कम्पनीको हालको अवस्था, कम्पनीको सबल पक्षहरु तथा कम्पनीले नेपालको बीमा क्षेत्रमा प्रदान गरेको योगदानको बारे जानकारी गराउनु भयो ।
- कम्पनीको विगत आर्थिक वर्षहरुमा बीमा शुल्क आम्दानी, नेटवर्थ तथा चुक्ता पुँजी, बीमा लेख संख्या, बीमा कोषमा भएको वृद्धि सम्बन्धमा सभामा जानकारी गराउनु भयो ।
- कम्पनीको लगानीमा भएको वृद्धि, लगानीका क्षेत्रहरु तथा दिर्घकालीन उद्धेश्य सहित गरिएका लगानीहरुको हालको अवस्था सम्बन्धमा साधारण सभामा जानकारी गराउनुभयो ।
- कम्पनीको खुद नाफाको अवस्था तथा खुद नाफामा प्रभाव पारेका पक्षहरु तथा आ.व.२०७९।८० मा लाभांश वितरण नगर्नुको कारण सम्बन्धमा सभामा जानकारी गराउनुभयो ।
- नेपाल सरकारबाट आर्थिक ऐन, २०८० को दफा २६ बाट विगतमा एफपिओ को माध्यमबाट शेयर जारी गरी प्राप्त भएको शेयर प्रिमियम रकमबाट बोनस शेयर वितरण गर्दा विगतमा आयमा समावेश गरी कर दाखिला नगरेको भए उक्त रकम २०८० को मंसिर महिना भित्र दाखिल गरेमा सोमा लाग्ने शुल्क तथा व्याज मिनाहा हुनेछ भन्ने व्यवस्था मार्फत भुतप्रभावी रुपमा करको व्यवस्था संसोधन गरिएको विरुद्ध कम्पनीले सर्वोच्च अदालतमा दायर गरेको रित निवेदनलाई श्री सर्वोच्च अदालतबाट खारेज गरेपश्चात कम्पनीबाट विगतमा जारी गरेको साधारण शेयरको थप निष्काशन मार्फत प्राप्त शेयर प्रिमियमबाट बोनस शेयर वितरण गरेको रकममा लाग्ने कर आ.व.२०७९।८० को वित्तीय विवरणमा खर्च लेखाकंन गरि उक्त कर रकम २०८० को मसिंर महिनामा राजश्व दाखिला गरिएको बारे बैठकमा जानकारी गराउनु भयो ।

- साथै कम्पनीले आ.व.२०७७।७८ तथा आ.व.२०७८।७९ मा जारी गरेको हकप्रद शेयरमध्ये आवेदन नपरेको हकप्रद शेयरलाई लिलाम बिक्री गरी प्राप्त भएको कुल शेयर प्रिमियमबाट कम्पनीको गत वार्षिक साधारण सभाको निर्णय बमोजिम आ.व.२०७९।८० मा बोनस शेयरका रुपमा वितरण गरेको रकमलाई करयोग्य आयमा गणना गरी सोहि बमोजिम आयकर खर्च लेखाकंन गरिएको बारे सभामा जानकारी गराउनुभयो ।
- कम्पनीले कर्मचारीहरुको दक्षता अभिवृद्धिका लागि चालेका कार्यक्रमहरु तथा रणनीतिहरु सम्बन्धमा सभामा जानकारी गराउनुभयो ।
- कम्पनीको सबल पक्ष, चुनौतीहरु तथा अवसरहरु तथा आगामी योजनाहरु सम्बन्धमा सभामा जानकारी गराउनुभयो ।
- नेपालको बीमा क्षेत्रमा नयाँ विकासक्रम तथा नयाँ चुनौतीहरु तथा कम्पनीको आगामी रणनीति तथा योजनाहरुका सम्बन्धमा सभामा जानकारी गराउनुभयो ।
- कम्पनीका विद्यमान अवसर तथा चुनौतीहरु सम्बन्धमा विस्तृत जानकारी गराउनुभई कम्पनीको थप व्यवसायिक विकासको लागि अवलम्बन गरिने योजनाहरुका सम्बन्धमा सभामा जानकारी गराउनुभयो ।
- कम्पनीको व्यवस्थापन खर्च अन्तर्गतको विभिन्न शिर्षकहरुमा भएको वृद्धिको बारेमा सभामा जानकारी गराउनुभयो ।
- कम्पनीले गरेका चन्दा तथा सामाजिक उत्तरदायित्व अन्तर्गतका खर्चहरु सम्बन्धमा जानकारी गराउनुभयो ।

## ८. छलफलको लागि आह्वान :

सभाका सभापतिज्यूको अनुमतिमा कम्पनीका कम्पनी सचिवले आ.व.२०७९।८० को संचालक समितिको वार्षिक प्रतिवेदन, लेखापरीक्षकको प्रतिवेदन सहितको वित्तीय विवरणहरु तथा विविध पक्षहरु उपर प्रश्न जिज्ञासा, प्रतिक्रिया, मन्तब्य एवं सुझाव दिनको लागि शेयरधनी महानुभावहरुलाई आह्वान गर्नुभएपछि निम्न बमोजिमका शेयरधनी महानुभावहरुले आ-आफ्नो राय सुझाव एवं प्रश्नहरु सभामा प्रस्तुत गर्नुभयो ।

क. श्री व्यास कुमार शर्मा
ख. श्री उत्तम दत्त पाण्डे
ग. श्री उद्धव प्रसाद घिमिरे
घ. श्री कुबेर श्रेष्ठ
ङ. श्री सुदिप श्रेष्ठ
च. श्री रोज कुमार श्रेष्ठ
छ. श्री बैजुनाथ रौनियार
ज. श्री निरुपमा गुप्ता
झ. श्री महेन्द्र बहादुर श्रेष्ठ

ञ. श्री चन्द्र नारायण श्रेष्ठ
ट. श्री गणेश प्रकाश पोखरेल
ठ. श्री लवराज जोशी
ड. श्री उत्सव श्रेष्ठ
लिखित सझाव पेश गर्नुहुने शेयरधनी महानुभावहरु
श्री नर्सिङलाल चंखु
श्री दिवाकर खडका
श्री ब्रह्मदेव शाक्य

**शेयरधनी महानुभावहरुबाट प्रस्तुत जिज्ञासा तथा सुझाव**

**श्री व्यास कुमार शर्मा**

सामाजिक संजालमा यस कम्पनीको बारेमा केही नकारात्मक कुराहरु आउँदै गरेतापनि कम्पनीको वार्षिक विवरण हेर्दा उक्त कुराहरु फेक रहेको थाहा भएको बारे जानकारी गराउनुभयो । मर्जर विना पनि दिर्घकालिन रणनीति अनुरुप कम्पनीको चुक्ता पुँजी वृद्धि गर्न सफल भएकोमा धन्यबाद ज्ञापन गर्नुभयो । कम्पनीको रिजर्भ तथा अन्य इक्विटीलाई हेर्दा कम्पनी वित्तीय रुपमा बलियो रहेको धारणा व्यक्त गर्नुभयो । कम्पनीको लगानीको पोर्टफोलियोलाई विविधिकरण गर्दै जाने कम्पनीको योजना राम्रो रहेको बारे धारणा राख्नुभयो । मन्दीको असहज अवस्थामा समेत व्यवसाय वृद्धि गर्न सफल भएकोमा बधाई ज्ञापन गर्नुभयो । १४ करोड भन्दा बढी रकम शेयर प्रिमियममा कर दायित्व सृजना भएको कारण नाफामा असर परेको तथा नेपाल सरकारबाट लिनुपर्ने रकमको कारण समेत कम्पनीको नाफामा असर परेको धारणा व्यक्त गर्नुभयो । आगामी दिनमा व्यवसाय अभिवृद्धिमा quantity को साथै quality तर्फ समेत ध्यान दिई दाबी अनुपात कम गर्न र कम्पनीको asset quality लाई समेत ध्यान दिन अनुरोध गर्नुभयो । साथै कम्पनीको internal control system लाई समेत थप मजबुत बनाउन सुझाव दिनुभयो ।

**श्री उत्तम दत्त पाण्डे**

यो साल चैत्र महिनामा वार्षिक साधारण सभा सम्पन्न भएकोमा आगामी वर्ष समयमै वार्षिक साधारण सभा सम्पन्न गर्नका लागि सुझाव प्रदान गर्नुभयो । यो कार्यक्रम संगै छिमेकमा कलेजको कार्यक्रम समेत रहेकोले यस वार्षिक साधारण सभालाई असर परेको हुँदा आगामी वार्षिक साधारण सभाहरुमा यस तर्फ ध्यान दिन अनुरोध गर्नुभयो । कम्पनीको कर अधिको नाफामा २८ प्रतिशतको वृद्धि भएतापनि कम्पनीले शेयरप्रिमियमबाट जारी गरेको बोनस शेयरमा कर व्यवस्था गर्नुपरेको कारण कम्पनीको नाफामा असर परेको कारण यस वर्ष लाभांस वितरण गर्न नसकेतापनि आगामी वर्ष डबल डिजिटको लाभांश प्राप्त हुनेमा आशावादी रहेको धारणा व्यक्त गर्नुभयो । यस कम्पनीले नेपालको निर्जीवन बीमा तर्फ १३ प्रतिशत बजार हिस्सा रहेको तथा कृषि बीमाको लागि नेपाल सरकारबाट पुरस्कृत हुन सफल भएकोमा कम्पनीको संचालक समिति तथा व्यवस्थापन पक्षलाई धन्यबाद प्रदान गर्नुभयो । यस कम्पनीले अन्य कम्पनीसंग मर्ज नगरी चुक्ता पुँजी वृद्धि गर्न सफल भएको तथा नेटवर्थ करिब ५ अर्व पुऱ्याउन सफल भएकोमा खुसी व्यक्त गर्नुभयो । कम्पनीबाट भएको चन्दा तथा संस्थागत सामाजिक

उत्तरदायित्व खर्चको अनुमोदन गर्नमा आफ्नो पुर्ण समर्थन रहेको जानकारी गर्नुभयो । यस वर्ष मोटर तथा सामुद्रिक बीमाको बीमाशुल्क घटेकोमा आगामी वर्ष सोलाई वृद्धि गर्ने तर्फ संचालक समिति तथा व्यवस्थापन पक्षको ध्यानाकर्षण गराउनु भई  कम्पनीको उत्तरोत्तर प्रगतीको लागि कामना व्यक्त गर्नुभयो ।

**श्री उद्धव प्रसाद घिमिरे**

कम्पनीको वासलातको आकार राम्रो रहेको र नेपालमा रहेको निर्जीवन बीमा कम्पनी मध्ये प्रिमियम संकलन गर्नेमा कम्पनी पहिलो नम्बरमा रहेकोमा खुसी व्यक्त गर्नुभयो । सम्माननीय सर्वोच्च अदालतको निर्णय बमोजिम कम्पनीले थप कर तिर्नुपरेको कारण यस साल लाभांस वितण गर्न नसकेतापनि आगामी वर्ष दोहोरो अंकको लाभांश प्राप्त हुनेमा विश्वास व्यक्त गर्नुभयो । कम्पनीले अन्य कम्पनी संग मर्ज नगरीकनै आफ्नो चुक्ता पुँजी वृद्धि गर्न सफल भएकोमा खुसी व्यक्त गर्नुभयो । आगामी वर्ष foreign exchange loss  लाई कम गर्न व्यवस्थापन पक्षलाई ध्यानाकर्षण गर्नुभयो । नयाँ बीमालेखमा अन्य बीमा कम्पनीहरु भन्दा अगाडी आउनुपर्ने धारणा व्यक्त गर्नुभयो । कम्पनीको वित्तीय विवरण तथा लेखापरीक्षण प्रतिवेदनलाई नेपालीमा समेत तयार गर्न तथा आगामी वर्ष पौष महिना भित्रै वार्षिक साधारण सभा सम्पन्न गर्नका लागि अनुरोध गर्नुभयो ।

**श्री कुवेर श्रेष्ठ**

कम्पनीको वार्षिक साधारण सभासंगै छिमेक तिर पनि भएको कार्यकमले साधारण सभालाई असर परेको बारे ध्यानाकर्षण गराउनुभयो । विगतमा साधारण शेयरको थप निष्काशन गरि प्राप्त भएको शेयर प्रिमियम रकमबाट जगेडा रकम कायम गरिराखेको भए हाल आएर शेयर प्रिमियमबाट बोनस शेयर वितरण गर्दा लागेको थप करको कारण लाभांश प्रभावित नहुने धारणा व्यक्त गर्नुभई यस साल लाभांस प्राप्त नभएकोमा असन्तुष्टि व्यक्ति गर्नुभयो । कम्पनीको शेयर लगानी गर्दा लगानी गरिने कम्पनीको वित्तीय अवस्थाको राम्रो अध्ययन गरेर शेयर लगानी गर्न सुझाव प्रदान गर्नुभयो । बैंक तथा वित्तीय संस्थाहरुमा गरिएको लगानी अन्तर्गत कुन कुन बैंकमा कति लगानी गरिएको हो सो को विवरण वार्षिक विवरणमा उल्लेख गर्नका लागि अनुरोध गर्नुभयो । संस्थागत सामाजिक उत्तरदायित्व खर्च अन्तर्गत कम्पनीको अग्रज शेयरधनीहरुको बीमा गर्दा सहुलियत प्रदान गर्न अनुरोध गर्नुभयो । वार्षिक साधारण सभामा कर्मचारी वर्गहरु राष्ट्रिय पोशाकमा उपस्थित हुनुभएकोमा धन्यबाद ज्ञापन गर्नुभयो । कम्पनीका नव नियुक्त अध्यक्षलाई स्वागत गर्नुभई चार वर्षे कार्यकालको सफलताको कामना गर्दै आगामी वर्ष लाभाशं प्राप्त हुनेमा आशावादी रहेको जानकारी गराउनु भयो ।

**श्री सुदिप श्रेष्ठ**

यस वर्ष लाभांश प्राप्त नभएतापनि आगामी वर्ष दोहोरो अंकको लाभांस प्राप्त हुनेमा आशावादी रहेको धारणा व्यक्त गर्नुभयो । कृषि तथा पशुपक्षीं बीमामा समेत कम्पनी अग्रस्थानमा रहेको र ५७ प्रतिशतले कृषि तथा पशुपक्षीं बीमाको बीमा शुल्क वृद्धि गर्न सफल भएकोमा खुसी व्यक्त गर्नुभयो । हवाई बीमामा बीमाशुल्क घटनुको कारणबारे जानकारी गराउनका लागि अनुरोध गर्नुभयो । संस्थागत सामाजिक उत्तरदायित्व अन्तर्गतको खर्चहरुको सदुपयोग सम्बन्धमा नियमित अनुगमन गर्नका लागि सुझाव प्रदान गर्नुभयो । नेपाल भुकम्पीय जोखिममा रहेको कारण भुकम्पको कारण पर्ने दाबीको व्यवस्थापनका लागि आयो भने के कस्तो तयारी गर्नुभएको छ सो को जानकारी प्रदान गर्न अनुरोध

गर्नुभयो । २०६१ सालमा रु.१० करोडबाट स्थापना भएको यस कम्पनीलाई रु.२६५ करोडको चुक्ता पुँजी पुऱ्याउन सफल भएकोमा धन्यबाद प्रदान गर्नुहुँदै कम्पनीको उत्तरोत्तर प्रगतीको कामना गर्नुभयो ।

**श्री रोजकुमार श्रेष्ठ**

शिखर इन्स्योरेन्स दाबी भुक्तानी कार्यमा समेत अग्रणी रहेको धारणा व्यक्त गर्नुभई बीमा प्राधिकरणमा समयमा दाबी भुक्तानी नभएको सम्बन्धमा के कति उजुरी रहेको छ सो सम्बन्धमा जानकारी गराउन अनुरोध गर्नुभयो । नेपाल सरकारबाट कृषि तथा पशुपक्षीं बीमाको अनुदान प्राप्त नभएको कारण नेपाल बीमक संघबाट कृषि तथा पशुपक्षीं बीमा नगर्ने सुचना प्राप्त भएको जानकारी गराउँदै अनुदान प्राप्त गर्न ढिलाई भएको अवस्थामा यस तर्फ समेत ध्यान दिन अनुरोध गर्नुभयो । लघु बीमा कम्पनीहरुले कम्पनीको व्यवसायमा असर गर्ने भएको हुँदा सो तर्फ समेत सचेत रहनका लागि सुझाव प्रदान गर्नुभयो ।

**श्री बैजुनाथ रौनियार**

आगामी वार्षिक साधारण सभामा राष्ट्रिय गानबाट सभाको सुरुवात गर्नका लागि सुझाव प्रदान गर्नुभयो । यस वार्षिक साधारण सभामा लाभांश प्रदान नभएकोमा असन्तुष्टि व्यक्त गर्नुभई आ.व.८०।८१ मा कम्पनीको नाफा वृद्धि भई आगामी वर्ष लाभांश प्राप्त हुनेमा विश्वास व्यक्त गर्नुभयो । कम्पनीले इका नेपालबाट ए प्लसको रेटिङ प्राप्त गर्न सफल भएकोमा बधाई ज्ञापन गर्नुभयो । कम्पनीका विरुद्ध चलिआएको तथा कम्पनीले चालेको मुद्धाहरुको हालको अवस्था के कस्तो रहेको छ सो बारेमा जानकारी प्रदान गर्न अनुरोध गर्नुभयो । कम्पनीको प्रति शेयर आम्दानी घटेकोमा आगामी समयमा प्रति शेयर आम्दानीलाई वृद्धि गर्नका लागि अनुरोध गर्नुभयो । नेपाल बीमा प्राधिकरणबाट सशर्त स्विकृति प्रदान गर्दा तोकिएको सुधारको क्षेत्रहरुमा सुधार गर्दै जान अनुरोध गर्नुभयो । साथै आन्तरीक तथा वाह्य लेखापरीक्षकहरुले औंल्याएका कैफियतहरुको समेत सुधार गर्दै जानका लागि अनुरोध गर्नुभयो । आगामी सालको वार्षिक साधारण सभा समयमै सम्पन्न गर्न अनुरोध गर्नुभयो । संस्थागत सामाजिक उत्तरदायित्व अन्तर्गतको खर्चहरु सहि ठाउँमा उपयोग गर्न अनुरोध गर्नुभयो ।

**श्रीमती निरुपमा गुप्ता**

विभिन्न वित्तीय सुचाकंहरुमा कम्पनीको अवस्था राम्रो रहेको जानकारी गराउनुभयो र यस सफलताको लागि संचालक समिति तथा व्यवस्थापन पक्षको प्रशंसा गर्नुभई थप प्रगतिका लागि शुभकामना व्यक्त गर्नुभयो । यस वर्ष लाभांश प्राप्त नभएतापनि आगामी वर्ष दोहोरो अकंको लाभांशको अपेक्षा रहेको जानकारी गराउनुभयो । संस्थागत सामाजिक उत्तरदायित्वका कामहरु तारिफयोग्य रहेको जानकारी गराउँदै निर्धन र अशक्त व्यक्तिहरुको शिक्षाको लागि समेत खर्च गर्न अनुरोध गर्नुभयो । कम्पनीको खर्चहरु बढेको तर्फ ध्यान आकर्षित गर्नुभई खर्चमा मितव्ययीता अपनाउनका लागि अनुरोध गर्नुभयो । आगामी वर्षको कम्पनीको योजनाहरु सम्बन्धमा जानकारी दिनका लागि अनुरोध गर्नुभयो ।

**श्री महेन्द्र बहादुर श्रेष्ठ**

बीमा शुल्क रकममा वृद्धि संगै लाभांसमा समेत ध्यान दिन अनुरोध गर्नुभयो । बैंकबाट प्राप्त हुने व्याजदर कम भएको अवस्थामा दिर्घकालिन र अल्पकालिन क्षेत्रमा लगानीलाई सन्तुलन कायम गर्नुपर्ने धारणा व्यक्त गर्नुभयो । कृषि क्षेत्रले नेपालमा रोजगारको समेत सृजना गर्ने कारण कृषि बीमाको क्षेत्रमा

यस कम्पनीले गरेको कार्यले राष्ट्रकै लागि योगदान प्रदान भएको धारणा राख्नुभयो । स्थानीय निकायहरुसंग सहकार्य गरी देशभर बीमाको विस्तार गर्न सकिने तथा हाल विदेश भ्रमण जानेको संख्या बढिरहेको अवस्थामा travell insurance को समेत विस्तार गर्न सकिने धारणा राख्नुभयो ।

**श्री चन्द्रनारायण श्रेष्ठ**

नेपालको निर्जीवन बीमा क्षेत्रमा कुल बीमालेख संख्यामा समेत कम्पनीको बजार हिस्सा बढाउन आवश्यक रहेको जानकारी गराउनुभयो । बीमाशुल्कमा अग्रणी स्थानमा रहेकोमा बीमालेख संख्यामा समेत अग्रणी स्थानमा रहनुपर्ने धारणा व्यक्त गर्नुभयो । बैंकको व्याजदर घटेको अवस्थामा मुद्धती निक्षेपमा गरिएको लगानीको प्रतिफल समेत घटने भएकोले लगानी आम्दानीलाई घटन नदिन अनुरोध गर्नुभयो । आगामी वर्ष दोहोरो अंकको लाभांशको अपेक्षा रहेको जानकारी गराउनुभयो ।

**श्री गणेश प्रकाश पोखरेल**

कम्पनीलाई शीर्ष स्थानमा पुऱ्याउन योगदान पुऱ्याउनुहुने प्रमुख कार्यकारी अधिकृत तथा सम्पुर्ण कर्मचारी वर्गलाई धन्यबाद ज्ञापन गर्नुभयो । कम्पनीको प्रति शेयर आम्दानी घटेकोमा ध्यानाकर्षण गर्नुभयो । आउँदा दिनमा कम्पनीबाट शेयरधनीहरुलाई आकर्षक बोनस प्रदान गर्नेमा आशाबादी रहेको जानकारी गराउनुभयो । कम्पनीको सामुद्रिक बीमा तथा हवाई बीमामा ह्रास आएकोमा आउँदा वर्ष सोमा पनि वृद्धि गर्न संचालक समिति र व्यवस्थापन पक्षलाई सुझाव प्रदान गर्नुभयो ।

**श्री लवराज जोशी**

शिखर इन्स्योरेन्सले साधारणसभामा शेयरधनीहरुबाट दिइएको सुझाव बमोजिम आफ्नो गतिविधिहरु संचालन गर्दै गएको धारणा व्यक्त गर्नुभयो । विगतमा शेयरधनीहरुकै सल्लाह र सुझाव बमोजिम नै आफ्नो जग्गा खरिद गरी भवन निर्माण गरी सो बाट आय आर्जन गरिरहेको धारणा व्यक्त गर्नुभयो । आफ्नो कमी कमजोरीलाई निराकरण गर्दै शिखर इन्स्योरेन्सले देशभर बीमाको विस्तार गरी आफ्नो बीमा व्यवसायको साथै नाफामा समेत वृद्धि गरी शेयरधनीहरुलाई उचित प्रतिफल प्रदान गर्न अनुरोध गर्नुभयो । नेपाल बीमा प्राधिकरणबाट जारी निर्देशन बमोजिम अधिक रकम बैंक तथा वित्तीय संस्थाको मुद्धती निक्षेपमा लगानी गर्दा बैंक व्याज दर घटने समयमा लगानी प्रतिफल कम हुने कारण लगानीलाई विविधिकरण गर्नका लागि सुझाव प्रदान गर्नुभयो । रु.१० करोडबाट स्थापना भएको कम्पनीलाई रु.२६५ करोडको चुक्ता पुँजी पुऱ्याउन सफल भएकोमा धन्यबाद ज्ञापन गर्नुभई आगामी वर्ष शेयरधनीहरुलाई आकर्षक प्रतिफल प्रदान गर्नेमा आशाबादी रहेको धारणा व्यक्त गर्नुभयो । २० औं साधारण सभा समयमै सम्पन्न गर्नका लागि संचालक समितिलाई सुझाव प्रदान गर्नुभयो ।

**श्री उत्सव श्रेष्ठ**

संचालकको निर्वाचन सम्बन्धी सुचना तथा वार्षिक प्रतिवेदन समयमा नै शेयरधनीहरुलाई उपलब्ध गराउनुपर्ने धारणा राख्नुभयो । सर्वसाधारण शेयरधनीबाट निर्वाचित हुने संचालकको ३ जनाको निर्वाचन हुनुपर्नेमा १ जनाको मात्र निर्वाचन भएको सम्बन्धमा प्रश्न गर्नुभयो । विशेष प्रस्ताव अन्तर्गतको चन्दा खर्च शेयरधनीहरुले पास नगरेमा के हुने हो कसले व्यहोर्ने हो सो सम्बन्धमा आवश्यक पहल गर्न सुझाव प्रदान गर्नुभयो । शेयरधनीहरुले बुझिलिन बाँकी लाभांश रकम नरहेकोमा धन्यबाद ज्ञापन गर्नुहुँदै वास्तविक रुपमै वितरण गर्न बाँकी लाभांश नभएको हो वा वार्षिक विवरणमा उल्लेख गर्न

छुटेको हो प्रष्ट पार्न अनुरोध गर्नुभयो । संचालक समितिको वार्षिक प्रतिवेदन अन्तर्गत पेज नं २० मा संचालकको कुल बैठक खर्च रु.३,४०३,४४६ उल्लेख भएको र वित्तीय विवरणको other operating expenses मा रु.२,५६४,००० मात्र भएको र पेज नं १६ मा समेत संचालक बैठक भत्ता रु.२,५६४,००० रहेको मा कसरी फरक भएको बारे प्रश्न राख्नुभयो । संचालक समितिको बैठक भत्ता अधिक रहेको तथा कम्पनीको व्यवस्थापन खर्च अन्तर्गत व्यापार प्रवर्द्धन खर्च तथा विज्ञापन खर्च समेत अधिक रहेको अवस्थामा शेयरधनीहरुलाई कुनै प्रतिफल दिन नसकेको सम्बन्धमा ध्यानाकर्षण गर्नुभयो । कम्पनीले नियमित रुपमा लाभांश प्रदान नगरी एक वर्षको फरकमा लाभांश दिएकोमा असन्तुष्टि व्यक्त गर्नुहुँदै आगामी वर्ष शेयरधनीहरुको हात खाली नहुने गरी लाभांश प्रदान गर्न अनुरोध गर्नुभयो । Team Building and Sports Day कार्यक्रम शिखर इन्स्योरेन्स कै कार्यक्रम हो की अन्य संस्थाको कार्यक्रम हो सो को जानकारी दिन अनुरोध गर्नुभयो । लेखापरीक्षण समितिमा संचालकहरु मात्र होइन सदस्य सचिव समेत रहनुपर्ने सुझाव व्यक्त गर्नुभयो ।

**श्री नसिंङलाल चंखु (लिखित)**

रिजर्भ फण्ड बलियो रहेको कारण आगामी साल लाभांस पाउने आशा व्यक्त गर्नुभयो । व्याज खर्च, विदेशी मुद्रा सतही नोक्सान, तथा इम्पेरमेन्ट लसको कारण कम्पनीको नाफामा प्रभाव परेको कारण आगामी वर्ष यस तर्फ सुधार गर्नका लागि सुझाव प्रदान गर्नभयो । पुनर्बीमा कम्पनीहरुबाट प्राप्त गर्नुपर्ने रकम समयमै प्राप्त गर्नका लागि आवश्यक कार्य गर्नका लागि सुझाव प्रदान गर्नुभयो । शेयरमा गरिएको लगानीलाई समयमै बिक्री गरी नाफा बुक गर्नुपर्ने राय व्यक्त गर्नुभयो ।

**श्री दिवाकर खडका (लिखित)**

आर्थिक मन्दीको बेला बीमाको विस्तार गर्न नयाँ बीमा व्यवसायको खोजी गर्नुपर्ने राय व्यक्त गर्नुभयो । सरकारलाई अतिरिक्त कर भुक्तानी गर्नुपरेकोले लाभांस क्षमता घट्न गई यसपटक लाभांस वितरण गर्न नसकिएतापनि आगामी वर्ष दोहोरो अंकको लाभांसको आशा रहेका व्यक्त गर्नुभयो ।

**श्री ब्रह्मदेव शाक्य (लिखित)**

निर्वाचित हुने संचालकहरुलाई बधाई र शुभकामना व्यक्त गनुभयो । आगामी वर्ष आकर्षक लाभांस प्रदान गर्नका लागि सुझाव प्रदान गर्नुभयो । यस सभाको सम्पूर्ण एजेण्डामा आफ्नो समर्थन रहेको जानकारी गराउनुभयो ।

**९. शेयरधनीहरुको जिज्ञासा उपर प्रतिउत्तर :**

शेयरधनी महानुभावहरुले दिनु भएको सल्लाह र सुझावहरुप्रति सभापतिको अनुमतिमा कम्पनीका प्रमुख कार्यकारी अधिकृत श्री दिप प्रकाश पाण्डेज्यूबाट निम्न बमोजिमको प्रतिउत्तर प्रदान गर्नुभयो :

सर्वप्रथम कम्पनीका पूर्व अध्यक्ष श्री राजेन्द्र प्रसाद श्रेष्ठज्यूले कम्पनीको सफलताका लागि विगतमा पुऱ्याउनु भएको योगदानको लागि हार्दिक आभार प्रकट गर्नुभयो ।

कम्पनीको खुद नाफालाई वृद्धि गर्न आवश्यक योजनाका साथ अगाडी बढ्ने जानकारी गराउनु भयो ।

शिखर इन्स्योरेन्स कं. लि. * काठमाडौं *

Quality business वृद्धि गर्ने सम्बन्धमा हाल नेपालको बीमाको पहुँच कम भएको अवस्थामा बीमाको पहुँच अभिवृद्धि गर्नका लागि बीमालाई विस्तार गर्दा पुनर्बीमाको माध्यमबाट जोखिमको उपयुक्त हस्तान्तरण गरी कम्पनीको बीमाको पोर्टफोलियो व्यवस्थापन गर्दै जाने जानकारी गराउनुभयो ।

कम्पनीको आन्तरीक नियन्त्रणलाई थप बलियो बनाउनका लागि कम्पनी निरन्तर लागिपरेको तथा नेपाल बीमा प्राधिकरणबाट गरिएको risk based supervision ले समेत कम्पनीको वित्तीय अवस्था तथा सुशासनलाई थप बलियो बनाउन मदत मिलेको तथा standard operating procedure को निर्माण कार्यको थालनी भैसकेको जानकारी गराउनुभयो । कम्पनीको सुशासनलाई बलियो बनाउनका लागि सचेत भएरै अगाडी बढिरहेको जानकारी गराउनुभयो ।

नेपाल बीमा प्राधिकरणबाट वित्तीय विवरण स्विकृत गर्न थप समय लाग्ने कारण समेत वार्षिक साधारण सभा सम्पन्न गर्न ढिलाई हुने जानकारी गराउनुहुँदै आगामी वर्ष समयमै वार्षिक साधारण सभा सम्पन्न गर्नका लागि आवश्यक कार्य गर्ने जानकारी गराउनुभयो ।

कम्पनीको लगानी सम्बन्धमा कम्पनीले संचालक समितिको निर्णय बमोजिम तथा नेपाल बीमा प्राधिकरणबाट जारी गरिएको निर्देशनहरु तथा कम्पनीको नीति बमोजिम अल्पकालिन तथा दिर्घकालीन लगानीहरु गर्दै आइरहेको जानकारी गराउनुभयो ।

नयाँ बीमालेखहरु विस्तार गर्ने सम्बन्धमा हरेक वर्ष नयाँ नयाँ बीमालेखहरुको थालनी गरी बीमाको दायरा फराकिलो पार्दै आएको जानकारी गराउनुभयो ।

कम्पनीबाट सुचिकृत संस्थाको शेयरमा लगानी गर्दा लगानी गरिने कम्पनीको वित्तीय विवरणहरुको अध्ययन गरेरमात्र लगानी गर्ने गरिएको र कतिपय कम्पनीहरुको face value भन्दा कम लागतमा समेत शेयर लगानी गरिएको जानकारी गराउनुभयो । आगामी दिनमा शेयर लगानी गर्दा थप सचेत भएर लगानी गर्ने जानकारी गराउनुभयो ।

बैंक मुद्धतीमा गरिएको लगानी सम्बन्धमा आगामी सालको वित्तीय विवरणमा बैंकमा गरिएको मुद्धती निक्षेपको समेत विवरण उल्लेख गरिने जानकारी गराउनुभयो ।

CSR अन्तर्गत शेयरधनीहरुलाई सहुलियत प्रदान गर्ने सम्बन्धमा नेपालको प्रचलित कानुनले नै शेयरधनीहरुलाई लाभांशका अतिरिक्त अन्य लाभ दिन बन्देज भएको बारे जानकारी गराउनुभयो ।

आजको दिन छिमेकमा समेत कार्यक्रम भई यस साधारण सभामा केहि असर भएकोमा क्षमा माग्दै आगामी वर्ष यस तर्फ सचेत रहने जानकारी गराउनुभयो ।

भुकम्पीय जोखिमको बीमा दाबी भुक्तानीको लागि कम्पनीले आवश्यक रुपमा महाविपत्ति पुनर्बीमाको व्यवस्था गरिएको जानकारी गराउनुभयो ।

CSR अन्तर्गत गरिएको खर्चको आवश्यकता अनुरुप अनुगमन गर्दै आएको जानकारी गराउनुभयो ।

शेयरधनी महानुभावहरुबाट विगतमा प्राप्त सुझावले कम्पनीको नीति तथा रणनीति बनाउन मदत मिलेको जानकारी गराउनुभयो ।

आगामी वर्ष दोहोरो अंकको लाभांस प्रदान गर्ने तर्फ यस कम्पनी सचेत रहेको बारे जानकारी गराउनुभयो ।

कृषि तथा पशुपंक्षी बीमाले नेपालको दुर्गम स्थानमा समेत बीमाको विस्तार गर्न मदत मिलेको कारण नेपाल सरकारबाट अनुदान प्राप्त हुन ढिलाई भएतापनि धैर्य गरी अगाडी बढ्दा कम्पनीलाई दिर्घकालिन रुपमा फाइदा नै हुने जानकारी गराउनुभयो ।

लघु बीमा कम्पनीहरुले नेपालको बीमा क्षेत्रलाई थप विस्तार गर्न मदत मिल्ने जानकारी गराउनुभयो ।

प्रति शेयर आम्दानी घटेको सम्बन्धमा कम्पनीको चुक्ता पुँजी विगत ३ वर्षको तुलनामा दुई गुणा भन्दा अधिक अनुपातमा बढेकोले समेत प्रति शेयर आम्दानी घटेको जानकारी गराउनुहुँदै आगामी दिनहरुमा कम्पनीको प्रति शेयर आम्दानी बढाउन आवश्यक योजनाका साथ अघि बढने जानकारी गराउनुभयो ।

निर्धन र अशक्तहरुको शिक्षाको लागि CSR अन्तर्गत खर्च गर्ने सम्बन्धमा उचित प्रस्तावहरु आएको खण्डमा त्यस तर्फपनि आवश्यक कार्य गर्न सकिने जानकारी गराउनुभयो ।

कम्पनीको आगामी दिनको योजनाको सम्बन्धमा देशको आर्थिक अवस्थालाई मध्यनजर गर्दै नयाँ शाखाहरु तथा नयाँ बीमालेखहरुको विस्तार गर्दै जाने र संचालक समितिले निर्माण गर्ने योजना अनुरुप नै कम्पनी अगाडी बढने जानकारी गराउनुभयो ।

बीमालेखको संख्यामा समेत अग्रणी स्थानमा आउनका लागि आवश्यक योजनाका साथ अगाडी बढने जानकारी गराउनुभयो ।

नेपाल बीमा प्राधिकरणमा परेको बीमा दाबी सम्बन्धी उजुरी सम्बन्धमा जानकारी गराउनुभयो । तथा अन्य मुद्धाहरुको हालको अवस्था सम्बन्धमा जानकारी गराउनुभयो ।

संचालक निर्वाचन सम्बन्धमा कम्पनीको वार्षिक साधारण सभाको सुचनामा समेत संचालक निर्वाचन सम्बन्धमा जानकारी उल्लेख भएको कारण संचालक निर्वाचन सम्बन्धि सुचना प्रदान गर्न ढिलाई नभएको जानकारी गराउनुभयो । सर्वसाधारण शेयरबाट प्रतिनिधित्व गनुहुने साविक संचालकको पदावधी बाँकी भएका कारण सर्वसाधारण शेयरधनीबाट प्रतिनिधित्व गर्ने तीनै संचालकको निर्वाचन एकै पटक गर्न नसकिएको जानकारी गराउनुभयो ।

CSR सम्बन्धमा प्राप्त सुझावको सम्बन्धमा सम्बन्धित निकायमा आवश्यक पहल गर्ने जानकारी गराउनुभयो । शेयरधनीहरुलाई भुक्तानी दिन बाँकी लाभांश नरहेको बारे थप प्रष्ट पार्नुभयो ।

संचालक समितिको बैठक खर्च सम्बन्धमा बैठक भत्ताको रकममा बैठक खर्च समेत समावेस गरी उल्लेख गर्नु परेको कारण दुई फरक स्थानमा रकम फरक भएको जानकारी गराउनुभयो ।

Risk Based Capital, ORSA, Risk Based Supervision, Risk Management लगायतका व्यवस्थाहरुको परिपालनाको लागि संचालकहरु जिम्मेवार हुने कारण संचालक समितिको बैठक संख्या बढन गई बैठक भत्तामा वृद्धि भएको जानकारी गराउनुभयो । लेखापरीक्षण समितिमा सदस्य सचिवको नियुक्ति गरिने जानकारी गराउनुभयो ।

शेयरधनी महानुभावहरुबाट प्राप्त अमुल्य सुझावको लागि धन्यबाद ज्ञापन गर्दै प्राप्त सल्लाह तथा सुझाव बमोजिम आवश्यक योजना तथा कार्यहरु गर्दै जाने जानकारी गराउनु भयो ।

**९. वार्षिक साधारण सभाका प्रस्तावहरु उपर सभाको निर्णय :**

अध्यक्षज्यूबाट साधारणसभाको छलफलका विषयसूचीमा उल्लेखित प्रस्तावहरु पारित गर्नका लागि सभासमक्ष प्रस्तुत गरिएकोमा सभाबाट देहायअनुरुप निर्णयहरु पारित गरियो ।

**सामान्य प्रस्तावहरुतर्फ**

**१ सामान्य प्रस्ताव**

१.१ आ.व.२०७९।८० को संचालक समितिको बार्षिक प्रतिवेदन उपर छलफल गरी सोलाई पारित गर्ने बारे ।

आ.व.२०७९।८० को संचालक समितिको बार्षिक प्रतिवेदन पारित गर्नका लागि निर्णयार्थ पेश हुँदा सभामा उपस्थित शेयरधनीहरुबाट सर्वसम्मतिले पारित गरियो ।

१.२ आ.व. २०७९।८० को लेखापरीक्षण प्रतिवेदन सहितको वित्तीय विवरणहरु उपर छलफल गरी सो लाई पारित गर्ने बारे ।

आ.व. २०७९।८० को लेखापरीक्षण प्रतिवेदन सहितको वित्तीय विवरणहरु उपर छलफल गरी सो लाई पारित गर्नका लागि निर्णयार्थ पेश हुँदा सभामा उपस्थित शेयरधनीहरुबाट सर्वसम्मतिले पारित गरियो ।

१.३ आ.व.२०८०।८१ को लागि लेखापरीक्षकको नियुक्ति गर्ने तथा पारिश्रमिक तोक्ने बारे ।

उपरोक्त प्रस्ताव पारित गर्ने सम्बन्धमा निर्णयार्थ पेश हुँदा आ.व.२०८०।८१ को लागि कम्पनीको वित्तीय विवरणहरुको लेखापरीक्षण गर्नका लागि कम्पनीको लेखापरीक्षण समितिको सिफारिस बमोजिम श्री जि.पि.राजबाहक एण्ड कम्पनी चार्टड एकाउण्टेण्ट्सलाई (मु.अ.कर बाहेक) लेखापरीक्षण शुल्क बापत रु.पाँच लाख, कर लेखापरीक्षण शुल्क बापत रु.तीस हजार तथा लंग फर्म लेखापरीक्षण शुल्कबापत रु.तीस हजार भुक्तानी गर्ने गरी लेखापरीक्षक नियुक्त गर्ने निर्णय सर्वसम्मतबाट पारित गरियो ।

१.४ कम्पनीको स्वतन्त्र संचालकको नियुक्ति बारेमा बीमा ऐन २०७९ बमोजिम साधारण सभामा जानकारी गर्ने बारे ।

उपरोक्त प्रस्ताव सम्बन्धमा कम्पनीको मिति २०८० माघ २१ मा सम्पन्न संचालक समितिको बैठकबाट चार वर्षको कार्यकालका लागि श्री पुष्कर महतलाई स्वतन्त्र संचालक नियुक्त गरिएको सम्बन्धमा बीमा ऐनको दफा ४७ बमोजिम यस साधारण सभा समक्ष जानकारी गराइयो ।

१.५ कम्पनीको मिति २०७६ श्रावण २८ गते सम्पन्न वार्षिक साधारण सभाबाट निर्वाचित संचालकहरुको पदावधि समाप्त भएपश्चात आगामी वार्षिक साधारण सभा सम्मको लागि पदावधि थप गर्ने तथा श्री गौरव अग्रवालज्युलाई संचालक नियुक्त गर्ने बारे संचालक समितिको निर्णयलाई अनुमोदन गर्ने बारे ।

उपरोक्त प्रस्ताव पारित गर्ने सम्बन्धमा निर्णयार्थ पेश हुँदा यस कम्पनीको मिति २०७६ साल श्रावण २८ गते सम्पन्न १४ औं वार्षिक साधारण सभाबाट निर्वाचित हुनुभएका संचालकहरुको पदावधि मिति २०८० श्रावण २७ गते सम्पन्न भएको हुँदा मिति २०८० श्रावण २२ मा सम्पन्न कम्पनीको संचालक समितिको बैठकबाट यस साधारण सभा सम्मको लागि पदावधि थप गर्ने निर्णय सर्वसम्मतबाट अनुमोदन गरियो । कम्पनीका पुर्व अध्यक्ष तथा पुर्व संचालक श्री राजेन्द्र प्रसाद श्रेष्ठज्युबाट मिति २०८० श्रावण १९ गते दिनुभएको राजिनामा पश्चात संचालक समितिमा रिक्त रहेको पदमा श्री गौरव अग्रवालज्यूलाई गरिएको नियुक्ति सर्वसम्मतबाट अनुमोदन गरियो ।

१.६ कम्पनीको प्रबन्धपत्र तथा नियमावली बमोजिम संस्थापक समुह "क" का शेयरधनीबाट निर्वाचित हुने ३ (तीन) संचालक तथा सर्वसाधारण समुह "ख" का शेयरधनीबाट निर्वाचित हुने थप १ (एक) संचालकका लागि प्रचलित कानुनी व्यवस्था को अधिनमा रही शिखर इन्स्योरेन्स कम्पनी लिमिटेडको संचालक निर्वाचन सम्बन्धी निर्देशिका २०६३ बमोजिम निर्वाचन गर्ने बारे ।

कम्पनीको प्रबन्धपत्र तथा नियमावली बमोजिम संस्थापक समुह "क" का शेयरधनीबाट निर्वाचित हुने ३ (तीन) संचालक तथा सर्वसाधारण समुह "ख" का शेयरधनीबाट निर्वाचित हुने थप १ (एक) संचालकका लागि प्रचलित कानुनी व्यवस्था तथा शिखर इन्स्योरेन्स कम्पनी लिमिटेडको संचालक निर्वाचन सम्बन्धी निर्देशिका, २०६३ बमोजिम भएको निर्वाचनबाट आगामी चार वर्षको कार्यकालका लागि संस्थापक समूह "क" बाट श्री गौरव अग्रवाल, श्री रमेश कुमार लुईटेल (बुद्ध एयर प्रा.लि.को तर्फबाट), डा. श्रुजना श्रेष्ठ र सर्वसाधारण समूह "ख" बाट श्री सौरभ ज.ब.राणा निविरोध संचालक निर्वाचित हुनु भएको बारे निर्वाचन अधिकृत श्री शेखर कुमार अर्यालज्यूबाट साधारण सभामा घोषणा गरी जानकारी गराउनु भयो ।

१.७ विविध

विविध तर्फ छलफलका कुनै विषयहरु नभएको बारे सभामा जानकारी गराइयो ।

## २ विशेष प्रस्ताव

२.१ कम्पनीबाट गरिएको चन्दा तथा सामाजिक उत्तरदायित्व अन्तर्गतका खर्चहरु अनुमोदन गर्ने बारे ।

कम्पनीबाट गरिएको चन्दा तथा सामाजिक उत्तरदायित्व अन्तर्गतका खर्चहरु अनुमोदन गर्ने सम्बन्धि विशेष प्रस्ताव निर्णयार्थ पेश हुँदा सभामा उपस्थित शेयरधनीहरुबाट सर्वसम्मतिले पारित गरियो ।

## १०. धन्यवाद ज्ञापन

कम्पनीको १९औं वार्षिक साधारण सभाको सम्पुर्ण विषयहरुमा छलफल भई आवश्यक निर्णय भएको र अन्य छलफलका विषय नभएकोले अध्यक्षज्यूले सभामा उपस्थित हुनु भई आ-आफ्ना प्रश्न, जिज्ञासा, मन्तव्य तथा सुझावहरु व्यक्त गरी १९औं वार्षिक साधारण सभा सम्पन्न गर्न सहयोग पुऱ्याउनु भएकोमा सम्पूर्ण शेयरधनी महानुभावहरु तथा आमन्त्रित महानुभावहरु सबैलाई हार्दिक धन्यवाद ज्ञापन गर्दै सभा विसर्जन भएको घोषणा गर्नुभयो ।

सुरज राजवाहक
कम्पनी सचिव

गौरव अग्रवाल
अध्यक्ष